# भरतपुर उप-महानगरपालिका (हाल महानगरपालिका) मा कार्यकारी अधिकृत श्री महेश बरालको १.५ बर्षे कार्यकालमा भएका केही राम्रा कार्यहरु तथा प्रयासहरु

भरतपुर उप-महानगरपालिका (हाल महानगरपालिका) मा कार्यकारी अधिकृत महेश बरालको कार्यकालमा गरिएका केही सिर्जनशील, रचनात्मक तथा राम्रा कार्यहरुको विवरण यस प्रकार रहेको छ :

१ भरतपुरको विस्तारित क्षेत्रका जनताहरुको माग लाई सम्बोधन गर्न नयाँ ग्रेडर खरिद गरिएको । ग्रेडर आई पुगेको र अव केही दिनमा नै नयाँ ग्रेडरबाट सेवा दिन सकिने ।

२ फोहर मैला व्यवस्थापनमा २ थान अत्याधुनिक कम्प्याक्टर मेशिन खरिद गरी सेवालाई भरपर्दो र विश्वाशिलो बनाइएको ।

३ सरसफाई कार्यमा साविकमा एउटा निजी क्षेत्रको कम्पनी संलग्न भएकोमा चालु आ.व.मा २ वटा निजी कम्पनी र केही क्षेत्रमा उमनपा नै संलग्न भै सकारात्मक प्रतिस्पर्धाको माध्यमद्धारा फोहरमैला व्यवस्थापनमा गुणात्मक सुधार गर्न सकिएको छ ।

४ विकास निर्माणका योजना माग गर्न स्थानीयहरुको डेलिगेशन प्रसस्त आउने गरेको र स्रोतको अभावमा पर्याप्त योजना कार्यान्वयन गर्न नसकिएको अवस्थामा जनताको सहभागिता ७० प्रतिशत तथा उमनपाको योगदान ३० प्रतिशत ( वडा नं. १५ देखी २९ सम्म ६०-४० ) गर्ने गरी जनताले योजना माग गरेमा मागेकै समयमा योजना संझौता गर्ने परिपाटिले ठूलो रकम जनसहभागिता परिचालन भएको, धेरै वाटो घाटोको स्तरोन्नति भएको तथा उमनपामा डेलिगेशन आउने समस्या समाधान भएको यसबाट भनसुनको भरमा वा दवावमा परी योजना स्वीकृत गर्नु पर्ने वाध्यताको अन्त्य भएको छ ।

५ स्थानीय जनता संग पटक पटक सम्वाद गरी सवैको सहमतिमा एकिकृत सम्पत्ति करको मूल्याङ्कन दर परिमार्जन गरी समसामयिक बनाईएको । यसबाट चालु बर्षमा नै एकिकृत सम्पत्ति कर साविकको भन्दा १०० प्रतिशत सम्म बृद्धि हुन सक्ने देखिएको ।

६ भरतपुर उप-महानगरपालिकाको सभाहल मर्मतको लागि पर्याप्त वजेटको ब्यवस्था गरीएको । हाल उक्त कार्यको टेण्डर भै निर्माण थालनीको चरण रहेको । चालु आ.व. मा नै निर्माण सम्पन्न हुने ।

७ ब्यापक जनगुनासोको रुपमा रहेको अब्यबस्थित प्लटिङलाई सरकारले तोकेको बस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड वमोजिम ब्यवस्थित गरिएको । प्लटिङ रोक्न कानूनी ब्यवधान रहेको तथ्यलाई स्वीकार गर्दै, बाटोको चौडाई, बाटोको मोड तथा खुला क्षेत्रको प्रावधान कार्यान्वयनमा ल्याईएको । घोलहरुमा माटो पुरेर गरिने गरेको प्लटिङको हकमा थप काम गर्न बाँकी रहेको ।

८ मोवाइल एप्लिकेशन निर्माण गरी संचालनमा रहेका । यसलाई अधिक सूचना तथा जानकारीमूलक वनाइएको ।

९ भरतपुरको परिचय झल्कने ५ मिनटको डकुमेन्ट्री निर्माण गरी सामाजिक सञ्जालबाट (यु ट्यूव)बाट प्रकाशित गरिएको र उक्त भिडियोलाई भरतपुरको वेवसाइटमा लिंक गरिएको ।

१० भरतपुर उप-महानगरपालिकाको वेव पेज व्यवस्थित तथा अधिक सूचनामूलक बनाइएको छ । यसै गरि सामाजिक संजाल (Hello Bharatpur facebook page, Bharatpur Metropolitan city official Twitter account, You Tube Channel को प्रयोग गरि थप सूचना मूलक बनाइएको छ ।

११ भरतपुर उप-महानगरपालिकामा कर्मचारी तथा अन्य सरोकारवालाहरुको क्षमता विकासमा प्रयोग गर्ने गरी क्षमता विकास केन्द्रको सञ्चालन गरिएको

१२ विगतमा वाटो घाटोको मात्र योजना कार्यान्वयन गर्ने गरिएकोमा चालु आ.व.बाट ठूलो पुल कम्तिमा एउटा तथा केही साना कल्भर्ट मर्मत वा निर्माणको नीति लिएकोले भरतपुरको बजार तथा यसको बाह्य क्षेत्रलाई जोड्न मद्दत गरेको तथा यसले शहरीकरणमा सकारात्मक योगदान गरेको । चालु आ.व.मा घोल बजारमा केरुङ्गा ड्रेनमा पुल बनाउने कार्यक्रम रहेको ।

१३ भरतपुर उपमहानगरपालिकाको चिनको Qinghai Provence को Geermu City संग भगिनी सम्बन्ध स्थापित भएको । यसको साथै Xining City संग मित्रवत सहरको रुपमा साझेदारी पत्रमा हस्ताक्षर भएको छ ।

१४ भरतपुर उप-महानगरपालिकाले World E-Government for Cities and Local Governments (WeGO) को पूर्ण सदस्यता प्राप्त गरको ।

१५ भरतपुर उप-महानगरपालिकामा सरकारले तोकेका प्राविधिक जनशक्तिको पदपूर्ति गरिएको । यसमा Structure Engineer, Urban Planner, नापी तर्फका प्राविधिक कर्मचारीहरु लगायतको पदपूर्ति गरिएको ।

१६ भरतपुर उप-महानगरपालिकाका सेवाग्राहीहरुको सुझाव वमोजिम वडा नं. १०, यसैगरी मंगलपुर, गितानगर लगायतका स्थानमा कर दस्तुर संकलनका काउण्टरहरु स्थापना गरिएको । यस्तै काउण्टर शिवनगरमा पनि स्थापनाको लागि आवश्यक पूर्वाधार तैयार भै सकेको ।

१७ मूख्य कार्यालय परिसरबाट सरसफाईका सवारी साधन तथा निर्माण उपकरणहरुलाई अन्यत्र व्यवस्थापन गर्ने क्रममा साविकको वडा नं ४ को परिसरमा आवश्यक पूर्वाधार निर्माण गरी यस्ता साधनहरु स्थानान्तरण गर्ने कार्य हुदै छ । पूर्वाधार निर्माणको टेन्डर आह्वान भै सकेको ।

१८ अनुसन्धानमूलक लेख रचनाहरु समेटिएको जर्नल प्रकाशनको थालनी गरिएको छ । यसलाई आगामी दिनमा निरन्तरता दिने अपेक्षा गरिएको छ ।

१९ सिङ्गो वडा नं. ७ लाई वातावरण मैत्री वडा घोषणा गरिएको । निकट भविष्यमा नै वडा नम्वर ११ पनि वातावरणमैत्री वडाको रुपमा घोषणा हुने क्रममा रहेको ।

२० सिङ्गो ९ नं.वडालाई वालश्रम मुक्त वडा घोषणा गरिएको बसपार्क समेत रहेको चुनौतिपूर्ण क्षेत्रलाई वालश्रम मुक्त वनाउनु महत्वपूर्ण उपलब्धि हो ।

२१ कार्यालयको सुरक्षा तथा सुशासनमा योगदान गर्न कार्यालय परिसरमा CCTV जडान गरिएको छ ।

२२ गत आर्थिक बर्षमा अधिकांश योजना सम्पन्न गरीएका थिए तथा चालु आ.व.को हकमा पनि योजनाहरुको प्रगती सन्तोषजनक रहेको छ ।

२३ नक्सा शाखाको अभिलेख व्यवस्थित गर्न अभिलेख केन्द्र निर्माण गरिएको छ । यो load bearing प्रबिधिको भू-कम्प प्रतिरोधि घर हो ।

२४ पुराना भवनहरुलाई भू-कम्प प्रतिरोधी वनाउने प्रविधि हस्तान्तरण गर्न साविकको वडा नं. ६ लाई Retrofitting गरिदै छ ।

२५ नक्सा पासको क्रममा भवन ऐनले भने बमोजिम तथा सरकारले तर्जुमा गरेको मापदण्ड पूर्ण कार्यान्वयन गरिएको छ ।

२६ PPP मा  चालु आ.व.मा ५ परियोजना संचालन गर्ने भनिएकोमा फोहोरमैला व्यवस्थापन को सम्पन्न र सौर्य सडक वत्तिको टेन्डर आह्वान भएको र अरु कार्य जारी छ ।

२७ साविकको वडा नम्वर ४ मा अटो पार्कको विकास गर्ने प्रयास गरिएको छ । उक्त कार्यको वातावरणीय प्रभाव मूल्याङ्कनको कार्य जारी छ । अटो ब्यवसायी समेतको लगानीमा वा सहकारीको मोडलमा अटो पार्क अगाडि बढाईने छ ।

२८ कार्यालयको परिसरबाट नगर प्रहरीको एकाई तथा दमकल एकाईहरुलाई उचित स्थानमा स्थानान्तरण गर्ने प्रयास भै रहेको छ । साविकको वडा नं. ५ मा यस्ता एकाईहरु स्थानान्तरण गर्ने सोच रहेको अवस्थामा हाल वडा कार्यालयहरु एकिकरण भएकोले यसमा थप गृहकार्य गर्नु पर्ने देखिएको छ ।

**महानगरपालिकाको कार्यान्वयन**

१ भरतपुर महानगरपालिकामा स्तरोन्नति भै सकेपछि नयाँ कायम भएका सवै वडा कार्यालयहरुमा वडा सचिवहरुको व्यवस्था गरी साविक वमोजिमको सेवा सूचारु गरिएको ।

२ साविकको नारायणी नगरपालिकाको वडा नं. २५ मा तथा साविक चित्रवनको १८ र २० संयुक्त वडा कार्यालयमा अधिकृत स्तरको वडा सचिवको व्यवस्था गरी बाँकी वडाहरुको सिफारिश, नक्सा लगायतको काम गर्ने गरी जिम्मेबारी दिइएको तथा छिटै योजना संचालन तथा लेखा व्यवस्थापनको पनि जिम्मेबारी दिने तैयारी भै रहेको ।

३ नेपाल सरकारकाले जारी गरेको आदेशमा साविकमा नगरपालिकाबाट सम्पादीत धेरै कार्यहरु वडा कार्यालयहरुबाटै सम्पादन गर्ने गरी वडाहरुलाई अधिकार र जिम्मेवारी थपेको सन्दर्भमा साविक भरतपुर, हाल वडा नं. १ देखी १६ तथा वडा नम्वर २२ का सिफारिश आदि कार्यहरु महानगरको वडा नं. १० बाट सम्पादन गरिएको छ । उक्त कार्यालय साघुँरो तथा अधिक भिड भाड भै रहेकोले त्यसमा तल्ला थपको टेण्डर गरिएको ।

**कार्यालयको क्षमता विकास**

१ कार्यालयमा सुविधा सम्मन्न बैठक कक्षको निर्माण गरिएको छ ।

२ कार्यालयले सेवा प्रवाहलाई सुचारु गर्न सेवा केन्द्रहरुको स्थापना गरेको छ

३ कर्मचारी साथिहरुले स्वदेश तथा विदेशमा क्षमता विकासका अवसरहरु प्राप्त गरेका छन्

४ कार्यालयले क्षमता विकास केन्द्रको स्थापना गरेको छ

५ नक्सा दर्ता तथा नक्सा पास कार्यको लागि सफ्टवेयर जडान गरिएको छ । यसमा एनसेटको प्राविधिक सहयोग रहेको छ ।

६ पुराना नक्साहरुको अभिलेखलाई कम्प्यूटरकृत गर्ने कार्यको थालनी भएको छ । सफ्टवेयर निर्माण भै हाल डाटा इन्ट्रिको चरणमा रहेको छ ।

७ कार्यालय परिसरको नयाँ भवनमा माथिल्लो तल्लामा बैठक कक्ष र कार्य कक्षहरु निर्माण गरिएका छन् ।

८ नगर प्रहरीको लागि दर्ता वाला सवारी साधन उपलब्ध गराउन एक थान तथा नक्सा शाखा फिल्ड भिजिटको प्रयोजनको लागि एक थान गरी २ थान पिकअप गाडि खरिदको क्रममा छन् । यसबाट नगर प्रहरीहरुको मनोवल वढ्नुका साथै नक्सा शाखाको काममा थप प्रभावकारीता आउनेछ ।

**योजनाबद्द विकासका लागि गरिएका प्रयासहरु:**

१ भरतपुर उप महानगरपालिकाको वस्ती विकास सहरी योजना तथा भवन निर्माण सम्बन्धी मापदण्ड,२०७२ स्वीकृत गरी कार्यान्वयन गरिएको ।

२ भरतपुर उमनपाको नगर यातायात गुरुयोजना स्वीकृत गरि अनुमोदन र सुझावको लागि श्री संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाईएको ।

३ भरतपुर उमनपाको एकिकृत सहरी विकास योजना (Integrated Urban Development Plan IUDP) निर्माणको लागि परामर्शदाता छनौटको लागि वोलपत्र आव्हन भै पहिलो चरणको छनौट पुरा भै दोस्रो चरणको छनौटको कार्य जारी रहेको । यसमा नगरको पूर्वाधार, पर्यटन, सडक तथा भू-उपयोग योजानाका ८ वटा योजना दस्तावेज तैयार हुने छ ।

४ भरतपुर उमनपाको नयाँ संगठन संरचना तैयार भै आवश्यक परामर्श तथा सुझावको लागि श्री संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाईएको ।

**अन्य निकायको सहयोगमा गरिएका कार्यहरु**

१ संझौता भएको तर कार्यान्वयनमा जान नसकेको बसपार्कको ठेक्का सम्बन्धित निकायहरु संग आवश्यक समन्वय गरी कार्यान्वयनमा लगिएको छ

२ चौवीस कोठी क्षेत्रमा विगत लामो समय देखी संचालित अव्यवस्थित वजारलाई हटाईएको छ ।

३ विगत लामो समय देखी प्रभावकारी रुपमा संचालनमा ल्याउन नसकिएको केन्द्रीय बस टर्मिनल संचालनमा आएको छ । यसलाई आधार बनाई स्थानीय रुटमा चल्ने वसहरु संचालित हुन थालेका छन् ।

४ शान्ति सुरक्षामा सहयोग पुगोस भनी प्रहरीले शुरु गरेको सिसिटिभि जडान कार्य तथा भवन निर्माणमा आवश्यक सहयोग गरिएको छ ।

५ प्रहरी नागरिक अभियान पिटुसिटु कार्यक्रमलाई उमनपाले नैतिक तथा आर्थिक रुपमा आवश्यक सहयोग गर्दै आएको छ ।

६ जिल्ला प्रशासन, अस्पताल क्षेत्र लगायतबाट सशुल्क पार्किङ हटाईएको छ भने मालपोत कार्यालय परिसरमा आवश्यक लगानी गरी पार्किङ सुविधा थपिएको छ ।

७ वजार क्षेत्रमा व्यवस्थित तथा आकर्षक यात्रु प्रतिक्षालयहरु निर्माण भएका छन् । यस्को निर्माणमा सहजिकरण गरिएको छ ।

**आय बृद्धिको लागि गरिएका प्रयासहरु**

१ सवै सरोकारवालाहरुको सहमति तथा सहभागितामा एकिकृत सम्पत्ति करको मूल्याङ्कन दरमा सामान्य बृद्धि गरिएको छ । यो अझै पनि नेपालका अन्य नगरपालिकाको तुलनामा न्यून नै छ । नेपालको नगरपालिकाहरुको मूख्य आयको क्षेत्र यही नै भएकोले आगामी केही बर्ष भित्र यसमा थप बृद्धि गरी महानगरपालिकाको क्षमता बढाउनु पर्ने देखिन्छ ।

२ सरसफाई शुल्कमा सामान्य समायोजन गरिएको छ । अझै पनि बर्षको १.५ करोड रुपैया विकास खर्च कटाएर सरसफाईमा खर्च गर्नु परिरहेको छ । सरसफाई शुल्कमा आगामी आर्थिक बर्षमा आवश्यक परिमार्जन गरी आगामी ४ बर्ष पछि गरिने नयाँ ठेक्कामा सरसफाई शुल्कले यसको खर्च पुग्ने गरी निर्धारण गर्न आवश्यक छ ।

३ सौर्य सडक वत्तिको पोलहरुमा पोल वोर्ड राख्ने नयाँ अवधारणा वमोजिम ठेक्का स्वीकृत भएको छ । यसबाट उमनपालाई राम्रो आम्दानी भएको छ ।

४ अन्य दस्तुरहरुलाई राउण्ड फिगरमा समायोजन गरिएको छ । कर तथा दस्तुरको दर होइन दायरा बृद्धि गर्ने रणनीति लिइएको छ ।

५ आय बृद्धि जस्तै सार्वजनिक खर्च कटौतिका प्रयास जारी छन् । प्रशासनिक तथा चालु खर्चलाई वाञ्चित सीमामा राख्न विबिध प्रयास गरिएका छन् ।

६ CMC तथा CMS ले एकिकृत सम्पत्ति कर भूक्तानी गरेको ।

**अन्य संस्थामा पुऱ्याएको सहयोगः**

१ भरतपुर अस्पतालको संचालक समिति सदस्यको रुपमा अस्पतालको सु-संचालन, जग्गाको Masterplan निर्माण तथा अन्य नीतिगत तथा प्रशासनिक निर्णयमा महत्वपूर्ण भूमिका निर्वाह गरिएको छ ।

२ भरतपुर खानेपानी वोर्डमा नयाँ कार्यकारी निर्देशकको नियुक्तिका साथै सम्पूर्ण योजना तथा कार्यक्रमहरु सुचारु रुपमा अघि बढेका छन् ।

३ वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पतालको समस्याहरु समाधान गर्न तथा अस्पतालको व्यवस्थापन सुधार गर्न सक्दो प्रयत्न गरिएको छ ।

४ अन्य सामाजिक संस्थाहरुमा समेत कानूनी तथा व्यवस्थापकीय मूल्य मान्यतामा संस्था संचालनको लागि आवश्यक सहजिकरण र सहयोग गरिएको छ ।

**समाधानमा पुग्न नसकिएका केही विषयहरुः**

१ उद्योग वाणिज्य संघ चितवनले उठाएको नारायणी नदी किनारको व्यवस्थापन तथा व्यवसाय करको साझेदारी सम्बन्धी प्रस्तावमा ठोस निर्णयमा पुग्न सकिएको छैन ।

२ नेपाल ट्रष्टको जग्गा भाडामा लगाएको विषयमा उमनपाको सो जग्गा माग गरेको विषयमा पनि अन्तिम निर्णय भै सकेको छैन ।

नोटः यि केही प्रतिनिध विषयहरु हुन । विस्तृत रुपमा कामको मूल्याङ्कन गर्न राजनीतिक दल, नागरिक समाज, आम भरतपुरबासी तथा संचार जगत स्वतन्त्र रहेको व्यहोरा अनुरोध छ । अन्त्यमा, जनप्रतिनिधिमूलक निकाय, भरतपुर महानगरपालिकामा छिट्टै जननिर्वाचित प्रमुख तथा पदाधिकारीहरु वहाल हुनेछन् भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

धन्यवाद ।